नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ

(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

मितिः- २०८२/०७/१२
नेपाल सम्वत्:- ११४६

## सम्पत्ति तथा मालसामान लिलाम बढाबढको सूचना

**सूचना नं.: १**

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१२

यस कार्यालयमा रहेका तपशिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यस कार्यालयमा उपस्थित भई प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८२/०७/१८) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु. ४२३ (अक्षरेपी चार सय तेइस रुपैयाँ मात्र) नगद धरौटीसहित निवेदन दिनु हुन यो लिलाम बढाबढ आह्वान गरिएको छ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण

| क.सं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | परिमाण | सुरु प्राप्ति मिति | ब्राण्ड तथा स्पेशिफिकेशन | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | १ | २०७०.१०.१७ | नखुलेको | १,९०१ |
| २ | ल्यापटप | १ | २०६८.०३.०६ | नखुलेको | ७३३ |
| ३ | सूचना प्रविधिसम्बन्धी उपकरण | ३ | विभिन्न | नखुलेको | २७४ |
| ४ | प्रिन्टर | ३ | विभिन्न | नखुलेको | १,२६१ |
| ५ | प्रोजक्टर | १ | २०६८.०३.०६ | नखुलेको | ९६३ |
| ६ | यु पि एस | १ | २०६७.०३.३१ | नखुलेको | ५३ |
| ७ | पावर ब्याकअप सिस्टम | १ | २०७३.०१.०६ | नखुलेको (ब्याट्रीसहित) | २,२५३ |
| ८ | स्टेबिलाइजर | ३ | विभिन्न | नखुलेको | ३७६ |
| ९ | नापतौल गर्ने विद्युतीय उपकरण | १ | २०६७.०३.३१ | नखुलेको | ४५४ |
| १० | सोफा सेट | ३ | २०६७.०३.३१ | कुकाठको | ७५ |
| ११ | र्‍याक | १ | २०७१.०२.२३ | घर्रावाला काठको सादा र्‍याक | ९६ |
| १२ | उजुरी पेटिका | १ | २०६७.०३.३१ | कुकाठको | ५ |
| | जम्मा परिमाण | २० | | जम्मा कायम भएको मूल्य | ८,४४४/- |

(२) लिलाम बढाबढ हुने स्थान, मिति र समय

क) स्थानः तथ्याङ्क समन्वय कार्यालय, खोटाङ (दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१, कृषि डाँडा)

ख) मितिः २०८२ साल कात्तिक १९ गते, बुधबार।

ग) समयः बिहान ८:०० बजे।

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु. ८,४४४/- को ५% ले हुने रु. ४२३/- नगद धरौटी राख्नु पर्नेछ।

Phone No:- 036-590104 Website: www.scokhotang.nsonepal.gov.np Email:- scokhotang104@gmail.com

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ
(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

मितिः- २०८२/०७/१२
नेपाल सम्वत्:- ११४६

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ।

(६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समयमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ७ (सात) दिनभित्र उठाई लैजानु पर्नेछ।

(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ।

(९) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ।

(१०) लिलाम बिक्रीसम्बन्धी सूचनाको शर्त तथा अन्य जानकारीको लागि यस कार्यालयको फोन नं. ०३६-५९०१०४ मा सम्पर्क गर्न सक्नु हुनेछ।

विकाश मल्ल
तथ्याङ्क समन्वय अधिकारी